"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं.:
च.नं.:

फोन नं.: ०११-४९९४५१
फ्याक्स: ०११-४९९२३७

मितिः २०७८/०२/०७

### पाँचखाल नगरपालिका कोभिड निर्देशक समितिको निर्णय

**आदरणीय नगरबासी आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरु,**

विश्वमा महामारीको रुपमा देखा परेको नयाँ भेरिएन्ट सहितको कोरोना (कोभिड १९) भाईरसको संक्रमणबाट सुरक्षित रहन अपनाउनु पर्ने साबधानिका उपायहरु अपनाई यस नगरलाई सुरक्षित राख्न मद्धत गरीदिनु हुन सम्पूर्ण नगरबासीहरुमा म हार्दिक अनुरोध गर्दछु।

यस विषम परिस्थितीमा हाम्रो पाँचखाल नगर क्षेत्र समेत दोश्रो लहरको नयाँ भेरिएन्ट सहितको कोभिड १९ बाट प्रभावित बन्दै गएको र विमारीहरुको स्वास्थ्य स्थिति दिन प्रतिदिन कमजोर बन्दै गईरहेको हालको परिस्थितिलाई मध्यनजर राखि **पाँचखाल नगरपालिका कोभिड निर्देशक समितिको मिति २०७८/०२/०७ मा भएको तपशिल वमोजिमको निर्णय** अनिवार्यरुपले कार्यानवयन गर्न /गराउन हुन आदरणीय नगरबासी आमावुवा, दाजुभाई तथा दिदीबहिनीहरु र व्यवसायीहरुको जानकारीको लागि हार्दिक अनुरोध गर्दछु ।

**<u>सर्वपक्षीय बैठकबाट पारित निर्णयहरु</u>**

१. **मदिरा/जुवातास नियन्त्रणः** यस पाँचखाल नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खाजा तथा खाना पसल र साना मदिराजन्य पसलहरु खोल्ने, अनियन्त्रित रुपमा मदिराजन्य वस्तु विक्री वितरण गर्ने, त्यस्ता पसलहरु खोली जुवातास खेल्ने/खेलाउने कार्य गर्न/गराउन पाइने छैन । सो गरेको पाइएमा,

(क) त्यस प्रकारका मदिराजन्य पसल ६ महिनाको लागि पसल सञ्चालन अनुमती रद्द गर्ने ।

(ख) रु ५०,०००।- जरिवाना गर्ने ।

(ग) क्यारमवोर्ड, पोर्ट जस्ता खेल समुहमा बसी खेल्न/खेलाउन नपाउने, सो गरेको पाइएमा कडा भन्दा कडा कारवाही हुने ।

(घ) सोको अनुगमन सम्बन्धित वडाका जनप्रतिनिधीले कडाइका साथ गर्ने र अनुगमनको लागि जिल्ला प्रशासन कार्यालयको समन्वयमा रही जनपथ प्रहरी र शसस्त्र प्रहरी परिचालन गर्न अनुरोध गर्ने ।

२०७८।२।०७

प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०११-४९९४५१

फ्याक्स: ०११-४९९२३७

प.सं.:

च.नं.:

२. एग्रो भेटः भिडभाड नगरी अनिवार्य जनस्वास्थ्यका मापदण्ड पालन गरी सकेसम्म होम सर्भिसको अवधारणा अवलम्वन गरी सेवा दिने । सो सम्भव नभए पसल सटर बन्द गरी होम डेलिभरी, फोन सम्पर्कबाट विउविजन, विषादी औषधीहरु सामाजिक दुरी कायम गरी विक्रि वितरणको सेवा उपलब्ध गराउने ।

३. पाँचखाल नगरपालिका क्षेत्रभित्र कुनै प्रकारका सवारीसाधन बीचबाटोमा रोकेर बस्न नपाउने, सडकमा रोकी बसि यत्रतत्र दोकान, पसलहरुमा पसेको/बसेको पाइएमा कडा भन्दा कडा कारवाही गरिने साथै जिल्ला प्रशासन कार्यालयको समन्वयमा गन्तव्यसम्म पुग्न सकिने ।

४. एक वडाबाट अर्को वडामा आवतजावतमा पूर्ण प्रतिबन्ध गर्ने ।

५. डेरीजन्य वस्तु, ताजा तरकारीहरु र जिउँदो कुखुराहरु विक्रीस्थलसम्म लैजान साथै खेतीपाती गर्ने कार्यमा स्वास्थ्य सुरक्षाको मापदण्ड पालन गरी कृषकहरु आवतजावत गर्न बाधा नपर्ने ।

६. दुध संकलन विक्रीवितरणः स्वास्थ्य मापदण्ड पूरा गरी संकलन/भर्ने कार्य डेरीवालाले गर्ने । सो कार्यमा २ दिन अनुगमन गरिनेछ र स्वास्थ्य मापदण्ड पालना नगरेको पाइएमा दुधडेरी बन्द गराइनेछ । दुध संकलन विहान ६:०० बजेसम्म गर्ने र संकलित दुध विहान ७:०० बजेभित्रसम्म विक्रीवितरण गरीसक्नु पर्ने ।

७. स्वास्थ्य सेवा र अत्यावश्यक सेवा वाहेक नगरपालिका कार्यालय, सबै वडा कार्यालय, बैंक, वित्तीय संघसंस्था, सहकारी लगायत अन्य व्यापार व्यवसाय १५ दिन पुर्ण रुपमा बन्द गर्ने ।

८. स्वास्थ्य संस्था, मेडिकल तथा औषधी पसलहरु अनिवार्य खोली सेवा दिने । सो सम्भव नभएमा फोन सम्पर्कबाट सेवा दिनुपर्ने ।

९. पाँचखाल नगरपालिकामा सञ्चालित आइसोलेसनमा जटिल प्रकारको समस्या आई हाईफ्लो अक्सिजन आवश्यक पर्ने विरामीहरुलाई नराखी थप उपचारको लागि सुविधासम्पन्न अस्पतालमा रिफर गर्ने ।

१०. कन्ट्र्याकट्रेसिङमा आएका विरामीहरु मध्ये स्वास्थ्यकर्मी वा चिकित्सकले सिफारिस गरेका व्यक्तिहरुको मात्र स्वाब संकलन तथा परिक्षण गर्ने ।

११. उपर्युक्त निर्णय कार्यान्वयनमा आएको छ वा छैन भनी जनप्रतिनिधीहरुले अनुगमन गर्ने । कार्यान्वयन नभएको पाइएमा जनपथ प्रहरी र शसस्त्र प्रहरीलाई जानकारी गराउने र सहयोग लिने र कानुन अनुसार कडा भन्दा कडा कारवाही गरिने ।

०७८/२/०६

प्रमुख प्रशासकीय अधिकृत

"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

प.सं.:
च.नं.:

फोन नं.: ०११-४९९४५१
फ्याक्स: ०११-४९९२३७

१२. यस निर्णय हालको लागि मिति २०७८/०२/०८ गते मध्यान्ह २:०० देखि १५ दिनसम्मका लागि लागु हुने/कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।

१३. यस निर्णयमा समावेश नभएका अन्य सबैका हकमा तोकिएको अवधिसम्म **"आफू बचौ र अरुलाई पनि बचाऔं"** भन्ने मुल मन्त्रका साथ आ-आफ्नो पेशा व्यवसाय पूर्ण रुपले बन्द गर्नु/गराउनु पर्ने र यस नगरपालिकाका नागरिकहरुलाई सुरक्षित राख्न सबै तह र तप्काबाट उपरोक्त निर्णयहरु कार्यान्वयन गर्न/गराउन आवश्यक सहयोगको लागि अनुरोध गर्ने ।

**यस वाट पर्न जाने असुविधा प्रति यस नगरपालिका क्षमाप्राथि छ ।**

०७८/२/०६

शिव प्रसाद हुमेगाँई
प्रमुख प्रशासकिय अधिकृत